Nepali | नेपाली

# सन् २०२५ का लागि प्राथमिक विद्यालयमा भर्ना गर्दा



बालबालिका, अभिभावक र हेरचाहकर्ताहरूको लागि विद्यालय जान शुरु गर्नु एक उत्साहपूर्ण समय हो। हामी तपाईंको लागि सम्भव भएसम्म भर्ना प्रक्रिया सजिलो बनाउन मद्दत गर्न चाहन्छौं।

भिक्टोरियामा, तपाईंको बच्चालाई *शिक्षा र प्रशिक्षण सुधार ऐन २००६ (Education and Training Reform Act 2006)* अन्तर्गत आफ्नो छरछिमेकको विद्यालय (तपाईंको 'स्थानीय विद्यालय ') मा भर्ना हुने अधिकार छ।

तपाईंले आफ्नो स्थानीय विद्यालय नभएर अर्को स्थानको लागि पनि आवेदन दिन सक्नुहुन्छ। विद्यालयले उनीहरूको भर्ना नीतिअनुसार तपाईंको आवेदनलाई विचार गर्नेछ। भर्ना नीतिबारेमा थप जानकारीको लागि, (Enrolling in school) भन्ने पृष्ठ हेर्नुहोस्।

## फाउन्डेशन (आधारभूत) (Prep) स्तरका लागि नयाँ राज्यव्यापी समयरेखा

प्राथमिक विद्यालयको पहिलो वर्षलाई फाउन्डेशन (आधारभूत) वा प्रेप भनिन्छ। हामीले भिक्टोरियाका सबै सरकारी प्राथमिक विद्यालयहरूले पालना गर्नु पर्ने नयाँ फाउन्डेशन भर्ना समयरेखा जारी गरेका छौं (पृष्ठ ३ हेर्नुहोस्)। यो समयरेखाले तपाईंलाई सन् २०२५ को विद्यालय वर्षको लागि आफ्नो बच्चालाई फाउन्डेशनमा कहिले र कसरी भर्ना गर्ने भनेर बुझ्न मद्दत गर्दछ।

## मैले मेरो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा कहिले भर्ना गर्नु पर्छ?

तपाईंको बच्चा विद्यालय जान थाल्ने वर्षको अप्रिल ३० सम्ममा ५ वर्ष पुगेको हुनुपर्दछ।

६ वर्ष उमेर पुगेका बालबालिकाका लागि विद्यालय शिक्षा अनिवार्य गरिएको छ।

सन् २०२५ विद्यालय वर्षको लागि भिक्टोरिया सरकारका प्राथमिक विद्यालयमा आफ्नो बच्चालाई भर्ना गर्न, २६ जुलाई २०२४ सम्म स्कूलमा भर्ना आवेदन पेश गर्नुहोस्।

## मैले मेरो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा कसरी भर्ना गर्नु पर्छ?

प्राथमिक विद्यालयको पहिलो वर्षमा तपाईंको बच्चालाई भर्ना गर्न यी चरणहरू पूरा गर्नुहोस्:

1. मेरो विद्यालय खोज (Find my School) वेबसाइटमा तपाईंको स्थानीय विद्यालय फेला पार्नुहोस् (तल हेर्नुहोस्)।
2. विद्यालयको भ्रमण गर्न समय माग्नुहोस् वा विद्यालय र भर्ना आवेदन प्रक्रियाको बारेमा थप जान्नको लागि सरकारी प्राथमिक विद्यालयमा सम्पर्क गर्नुहोस्।
3. Enrolling in Foundation (Prep) बाट फाउन्डेसन (Prep) भर्ना सूचना प्याक डाउनलोड गर्नुहोस् । यो प्याक सोमबार १५ अप्रिल २०२४ देखि उपलब्ध हुनेछ र यसमा आवेदन फाराम समावेश हुनेछ। विद्यालयले तपाईंलाई पूरा गर्नको लागि फारामको प्रतिलिपि पनि प्रदान गर्न सक्छ।
4. फाउन्डेशनको लागि भर्ना आवेदन शुक्रबार **२६ जुलाई २०२४** सम्ममा पेश गर्नुहोस्।
5. तपाईंलाई **सोमबार २९ जुलाई र शुक्रबार ९ अगस्ट २०२४ को बीचमा** तपाईंको आवेदनको नतिजाको बारेमा सूचित गरिनेछ। यदि तपाईंले भर्नाको लागि प्रस्ताव प्राप्त गर्नुभयो भने, तपाईंले **शुक्रबार २३ अगस्ट २०२४ सम्म** प्रस्ताव स्वीकार गर्नुपर्छ।
6. **टर्म ४, २०२४ को अवधिमा** भर्ना जानकारी र परिवर्तन सत्रहरूमा भाग लिनुहोस्।
7. तपाईंको बच्चाले **बुधबार २९ जनवरी २०२५ देखि** फाउन्डेशन शुरु गर्नेछ।

## म कसरी मेरो स्थानीय विद्यालय पत्ता लगाउन सक्छु?

तलका चरणहरू पालना गरेर Find my School वेबसाइटबाट आफ्नो स्थानीय विद्यालय खोज्नुहोस्:

1. आफ्नो ब्राउजरमा findmyschool.vic.gov.au प्रविष्ट गर्नुहोस्।
2. 'शुरूगर्न आफ्नो ठेगाना हाल्नुहोस्' (Enter your address to get started) अन्तर्गत आफ्नो स्थायी आवासीय ठेगाना हाल्नुहोस्
3. 'भर्ना वर्ष (Enrolment year)' अन्तर्गत २०२५ चयन गर्नुहोस्। **नोट:** २०२५ विद्यालय क्षेत्रहरू टर्म १, २०२४ को अन्त्यमा उपलब्ध हुनेछन्।
4. 'विद्यालयको प्रकार' (School type) अन्तर्गत प्राथमिक छान्नुहोस्।

त्यसपछि नक्साले तपाईंको ठेगाना, तपाईंको स्थानीय विद्यालय, र बायाँपट्टि विद्यालयको सम्पर्क विवरण देखाउनेछ। यदि तपाईंले पानाको तल हेर्दै जानु भयो भने, यसले तपाईंलाई तपाईंको ठेगाना नजिकका पाँचवटा विद्यालयहरू पनि देखाउनेछ।

तपाईं 'विद्यालयको लागि खोज' (Search for school) अन्तर्गत विद्यालयको नामबाट पनि खोजी गर्न सक्नुहुनेछ।

## के मेरो बच्चाले सरकारी प्राथमिक विद्यालयमा आवेदन दिन सक्छ जुन हाम्रो स्थानीय विद्यालय होइन?

सक्छ, तपाईंले आफ्नो स्थानीय विद्यालय बाहेकका अन्य विद्यालयहरूमा आवेदन दिन सक्नुहुन्छ। विद्यालयले उनीहरूको भर्ना नीति र उपलब्ध स्थानअनुसार तपाईंको आवेदनलाई विचार गर्नेछ। तपाईंले Enrolling in school पृष्ठमा आवेदनलाई कसरी प्राथमिकतामा राखिन्छ भन्नेबारे जानकारी पाउन सक्नुहुन्छ।

## यदि मैले मेरो भर्ना आवेदन असफल भएको पत्र पाएँ भने के हुन्छ?

तपाईंले आफ्नो बच्चालाई अर्को विद्यालयमा भर्ना गर्न आवेदन दिनुपर्छ। तपाईंको छोराछोरीलाई आफ्नो स्थानीय विद्यालयमा स्थान सुरक्षित गरिएको हुन्छ। तपाईंको बच्चाको स्थानीय विद्यालय कुन हो भन्ने उनीहरूको स्थायी आवासीय ठेगानाको आधारमा निर्धारण गरिन्छ। तपाईंको बच्चाको स्थानीय विद्यालय पत्ता लगाउन Find my School मा जानुहोस्। Enrolling in school पृष्ठले तपाईंलाई भर्नाको लागि तपाईंको बच्चाको ठेगाना पुष्टि गर्न पनि मद्दत गर्न सक्छ।

तपाईं यो निर्णयविरुद्ध अपिल पनि गर्न सक्नुहुन्छ। Enrolling in Foundation (Prep) पृष्ठमा भर्ना आवेदन परिणाम अपिल गर्ने प्रक्रियाको बारेमा जानकारी छ।

## यदि मैले भर्ना गर्ने म्याद नाघेँ भने के हुन्छ ?

तपाईंले टर्म २, २०२४ देखि कुनै पनि समयमा २०२५ विद्यालय वर्षको लागि आफ्नो बच्चालाई फाउन्डेशनमा भर्ना गर्न आवेदन दिन सक्नुहुन्छ।

तपाईंलाई शुक्रबार २६ जुलाई २०२४ सम्ममा भर्ना आवेदन पेश गर्न भनिएको भएता पनि, यस मितिपछि पनि भर्ना समयसीमा नाघेका, स्थायी बसोबासबाट सर्ने वा भर्खरै भिक्टोरिया आइपुगेका परिवारहरूबाट आवेदनहरू स्वीकार गरिनेछ।

२६ जुलाई २०२४ पछि पेश गरिएका भर्ना आवेदनहरू विभागको भर्ना नीतिअनुसार विद्यालयले प्राप्त गरेअनुसार प्रक्रिया गरिनेछ।

## म प्राथमिक विद्यालयमा भर्नाको बारेमा थप जानकारी कहाँ पाउन सक्छु?

तपाईंले आफ्नो स्थानीय प्राथमिक विद्यालयलाई फाउन्डेशन भर्ना प्रक्रियाको बारेमा थप जानकारीको लागि सोध्न सक्नुहुन्छ।

टर्म २, २०२४ को शुरुमा तपाईंले फाउन्डेसन भर्ना प्रक्रियामा Enrolling in Foundation (Prep) पृष्ठमा पनि जानकारी प्याक फेला पार्न सक्नुहुन्छ।

यदि तपाईंलाई जानकारी प्याक अनुवाद गर्न मद्दत चाहिन्छ भने, कृपया सहयोगको लागि तपाईंको स्थानीय प्राथमिक विद्यालयसँग कुरा गर्नुहोस्।

## मद्दतको लागि मैले कसलाई सम्पर्क गर्नु पर्छ?

तपाईंले आवेदन दिन चाहेको प्राथमिक विद्यालयका स्थानान्तरण संयोजक, भर्ना अधिकारी वा प्रधानाध्यापकले तपाईंलाई भर्ना प्रक्रियाको बारेमा कुनै पनि प्रश्नहरूको उत्तर दिनेछन्।

## उपयोगी लिङ्कहरू

कृपया तल केही उपयोगी लिङ्कहरू हेर्नुहोस् जुन तपाईंको बच्चाले २०२५ मा प्राथमिक विद्यालय शुरु गर्दा तपाईंको लागि उपयोगी हुन सक्छ:

मेरो विद्यालय खोज (Find my School) – findmyschool.vic.gov.au

विद्यालय क्षेत्रहरूको बारेमा जानकारी – vic.gov.au/school-zones

फाउन्डेशन(प्रेप)मा भर्ना (Enrolling in Foundation (Prep)) – vic.gov.au/enrolling-foundation-prep

विद्यालयमा भर्ना (Enrolling in school) – vic.gov.au/how-choose-school-and-enrol

अपांगता र समावेशी शिक्षा (Disability and inclusive education) – vic.gov.au/disability-and-inclusive-education

क्षेत्रीय कार्यालय सम्पर्कहरू – vic.gov.au/office-locations-department-education

# २०२४-२५ को लागि समयरेखा

| २०२४ का मितिहरू | क्रियाकलाप |
|---|---|
| **टर्म २: सोमबार १५ अप्रिल २०२४ – शुक्रबार २८ जुन २०२४** | |
| **टर्महरु १ र २, २०२४** | प्राथमिक विद्यालयहरूले २०२५ मा आफ्नो बच्चाको लागि फाउन्डेशन (प्रेप) भर्ना गर्न खोज्ने परिवारहरूको लागि भ्रमण, सूचना सत्र र अन्य गतिविधिहरू सञ्चालन गर्छन्। |
| **टर्म २, २०२४ को शुरुवातसम्म** | सन् २०२५ को विद्यालय वर्षमा विद्यालय क्षेत्रहरु findmyschool.vic.gov.au मा प्रत्यक्ष प्रकाशित हुन्छ।<br>अभिभावक र हेरचाहकर्ताहरूले सन् २०२५ को लागि आफ्नो तोकिएको छिमेकी विद्यालय (स्थानीय विद्यालय) पत्ता लगाउन findmyschool.vic.gov.au मा जानु पर्छ।<br>अभिभावक र हेरचाहकर्ताहरूको लागि भर्ना सूचना प्याक फाउन्डेशन(प्रेप)मा भर्ना (Enrolling in Foundation (Prep)) बाट डाउनलोड गर्न उपलब्ध छ। |
| **हप्ता १, टर्म २ २०२४ देखि** | प्राथमिक विद्यालयहरूले सम्भावित परिवार र उनीहरूको विद्यालय समुदायलाई भर्ना सूचना प्याकहरू वितरण गर्न सक्छन्। |
| **हप्ता १, टर्म २, २०२४ देखि** | **भर्ना आवेदन खुला** – अभिभावक र हेरचाहकर्ताहरूले यस मितिबाट सरकारी प्राथमिक विद्यालयमा आफूले पूरा गरेको भर्ना आवेदन पेश गर्न सक्छन्। |
| **टर्म ३: सोमबार १५ जुलाई २०२४ – शुक्रबार २० सेप्टेम्बर २०२४** | |
| **शुक्रबार २६ जुलाई २०२४ सम्म** | **भर्ना आवेदन म्याद** – अभिभावक र हेरचाहकर्ताहरूले यस मितिबाट सरकारी प्राथमिक विद्यालयमा आफूले पूरा गरेको भर्ना आवेदन पेश गर्न सक्छन्। |
| **सोमबार २९ जुलाई र शुक्रबार ९ अगस्ट २०२४ को बीचमा** | प्राथमिक विद्यालयहरूले विभागको भर्ना नीतिअनुसार फाउन्डेशन (Prep) भर्ना नतिजाको लिखित रूपमा अभिभावक र हेरचाहकर्ताहरूलाई सूचित गर्छन्। यसमा प्रस्ताव पत्र, भर्ना पुष्टि गर्ने पत्र, वा असफल आवेदन पत्र समावेश हुन सक्छ।<br>असफल आवेदन पत्र पठाइएका अभिभावक र हेरचाहकर्ताहरूले प्राथमिक विद्यालयमा लिखित अपिल पेश गर्न शुरु गर्न सक्छन्। |
| **शुक्रबार २३ अगस्ट २०२४ सम्म** | यस मितिसम्म प्रस्ताव पत्र पठाइने अभिभावक र हेरचाहकर्ताहरूले उनीहरूको बच्चाको भर्ना स्थान स्वीकार गरेको उल्लेख गर्छन्। |
| **शुक्रबार २३ अगस्ट २०२४ सम्म** | प्राथमिक विद्यालयमा लिखित अपिल पेश गर्न अभिभावक र हेरचाहकर्ताहरूको लागि **अन्तिम मिति**। |
| **शुक्रबार ६ सेप्टेम्बर २०२४ सम्म** | प्राथमिक विद्यालयहरूले यस मितिसम्म सबै अभिभावक र हेरचाहकर्ताहरूलाई उनीहरूको अपिलको नतिजाको बारेमा लिखितरूपमा सूचित गर्दछन्। |
| **शुक्रबार २० सेप्टेम्बर २०२४ सम्म** | अभिभावक र हेरचाहकर्ताहरूले सम्बन्धित क्षेत्रीय निर्देशकलाई लिखित अपिल पेश गर्नको लागि **अन्तिम मिति**, जहाँ उनीहरु प्राथमिक विद्यालयमा आफ्नो अपिलमा असफल भएका छन्। |
| **टर्म ४: सोमबार ७ अक्टोबर २०२४ – शुक्रबार २० डिसेम्बर २०२४** | |
| **टर्म ४, २०२४ को समयमा** | प्राथमिक विद्यालयहरूले स्थानान्तरण सत्रहरूको आयोजना गर्छन्। |
| **शुक्रबार १ नोभेम्बर २०२४ सम्म** | क्षेत्रहरूले यस मितिसम्म क्षेत्रीय निर्देशककहाँ गरिएको अपिलहरूको नतिजाको लिखित रूपमा सबै अभिभावक र हेरचाहकर्ताहरूलाई सूचित गर्दछन्। यो अपिलहरू बुझाउने अन्तिम मिति शुक्रबार २० अक्टोबर २०२४ सम्म प्राप्त अपिलहरूमा मात्र लागू हुन्छ। |